कृषि तथा वन विज्ञान विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

फोन नं.०५६-५९२४०४

प.नि.का.च.नं......................२०७३/०७४

मिति:२०७३।०४।१६

# परीक्षा आवेदन फारम भर्ने सूचना

यस विश्वविद्यालयको कृषि संकाय र पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७०/०७१ र शैक्षिक सत्र २०७१/०७२ मा संचालित स्नातक तह **B.Sc.Ag.**, **B.V.Sc. & A.H.** र **B.Sc. Fisheries** को क्रमश: पाचौं सत्र र तृतीय सत्रको नियमित परीक्षामा सम्मिलित हुने विद्यार्थीहरुले २०७३ साल श्रावण १७ गते देखि श्रावण २६ गते सम्म नियमित शुल्क र तत्पश्चात विलम्व शुल्कमा २०७३ साल श्रावण २७ गते देखि श्रावण ३१ गते सम्म परीक्षा आवेदन फारम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै परीक्षा आवेदन फारम सम्बन्धित संकाय डीनको कार्यालयवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फारममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फारममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टांसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फारम शुल्क रु. १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फारम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ।

   श्रावण २७ गते देखि श्रावण २८ गते सम्म रु. ३००।-
   श्रावण २९ गते देखि श्रावण ३० गते सम्म रु. ५००।-
   श्रावण ३१ गते देखि श्रावण ३१ गते सम्म रु. १,१००।-

३. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्। परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायहरुबाट उपलब्ध हुनेछ ।

५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

..................................
प्रा.डा. मनराज कोलाक्षपति
रजिष्ट्रार

रजिष्ट्रार